प्यान नं.:६००२५७७१०३ दर्ता नं. :३८२२/०६८/०६९

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

(BUD SAVING & CREDIT CO-OPERATIVE LIMITED)

का.म.न.पा–१६,सोह्रखुट्टे, काठमाडौं, नेपाल

फोन नं. ०१–४९७०२२०

Email: saccosbud@gmail.com

मिति :२०७९/०७/२५

श्री..................................ज्यू,

शेयर सदस्य

बिषय : साधारण सभामा उपस्थित हुने बारे ।

यस बड बचत तथा ऋण सहकारी संस्था लि. को २०७९ साल कार्तिक १९ गते शनिबार बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको **"बाह्रौं बार्षिक साधारण सभा"** देहायका विषयमा छलफल तथा निर्णयका लागि सञ्चालन हुने भएकोले सो साधारणसभामा उपस्थित भईदिनुहुन अनुरोध गर्दछु।

साधारण सभा हुने मिति,समय र स्थान

मिति : २०७९ पौष २ गते, शनिबार

समय : बिहान ०९:०० बजे

स्थान : सौगात पार्टी प्यालेस ,नयाँबसपार्क, काठमाण्डौं
(पुजाकोटि पेट्रोलपम्पको पारीपट्टी)

साधारणसभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु :

१. आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा,
२. आर्थिक बर्ष २०७८/०७९ को आर्थिक प्रतिवेदन र आ.व. २०७९/०८० को प्रस्तावित बजेट सम्बन्धमा ,
३ आर्थिक बर्ष २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
४. आर्थिक बर्ष २०७८/०७९को लेखा समितिको प्रतिवेदन सम्बन्धमा ,
५. आर्थिक बर्ष २०७८/०७९ को खूद बचतबाट शेयर सदस्यहरुलाई लांभास बितरण सम्बन्धमा,
६. आर्थिक बर्ष २०७९/०८०को लेखा परिक्षक नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ,
७. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियूक्ति सम्बन्धमा ,
८. विविध ।

नोट : सभामा उपस्थित हुने सदस्यहरुलाई रु. ५००/– (अक्षरुपी पाँचसय मात्र) का दरले यातायात खर्च उपलब्ध गराईनेछ साथै नास्ता तथा खानाको व्यबस्था गरिनेछ जसका लागि कुपन अनिवार्य छ।

....

रामचन्द्र भट्ट

सचिव

बड बचत तथा ऋण सहकारी संस्था लि.को
बाह्रौं बार्षिक साधारण सभामा
सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष श्री थिरलाल भट्ट ज्यूबाट प्रस्तुत
आर्थिक बर्ष २०७८/७९ को बार्षिक प्रगति प्रतिबेदन

यस १२ औं बार्षिक साधारण सभा समारोहका आदरणीय अतिथिज्यूहरु, संचालक समितिका सहकर्मी साथीहरु, सल्लाहकारज्यूहरु, लेखा सूपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, अन्य उपसिमितिहरुका संयोजक तथा सदस्यज्यूहरु, पूर्वसंचालकज्यूहरु, कर्मचारी वर्ग र हाम्रो योजना, निति तथा कार्यक्रमलाई सफल बनाउन सदैव साथ दिनुहुने आदरणीय शेयरधनी एवं बचतकर्ता महानुभावहरुमा म संस्थाको सञ्चालक समितिको अध्यक्षको नाताले समग्र संस्थापरिवार एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिबादन गर्न चाहन्छु ।

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड को १२ औ बार्षिक साधारण सभाको अबसरमा केहि बिचार व्यक्त गर्न चाहन्छु ।

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड सबल र सुरक्षित संस्थाको रुपमा अगाडि बढिरहेको छ । बिभिन्न आरोह-अबरोहहरु पारगर्दै यो संस्था आफ्नो सदस्यहरुको हितलाइ केन्द्रबिन्दुमा राखेर असंख्यक सहकारी संस्थाहरुको माझमा अब्बल पहिचान राख्न सफल भएको छ । संस्थामा आबद्ध सदस्यहरु र जनसमुदायबीच स्वावलम्बन, पारस्परिक सहयोग एबं मितव्ययिताको अभिबृद्धि गरि नियमित बचत गर्ने बानीको बिकास गर्नु, विभिन्न किसिमका बचत सेवाहरुबाट बचत प्राप्त गर्नुको साथै उनीहरुले गरेको बचतमा प्रतिस्पर्धात्मक ब्याज उपलब्ध गराउनु तथा सदस्यहरुको ब्यबसायिक दक्षता बढाउनको लागि आवश्यक परामर्श उपलब्ध गराउनुको साथै सरल र सुलभ रुपमा ऋण उपलब्ध गराउनु यस संस्थाको मुख्य उदेश्य हो । यो मूल उदेश्य तथा संस्थाले अङ्गीकार गरेका परिकल्पना एवं ध्येय पुरा गर्नको लागि चुस्त र प्रभावकारी रणनीतिक योजनाका साथ अघि बढ्नु जरुरी हुन्छ ।

मुलुकको पुँजी बजारमा केही समयदेखि देखिएको तरलता अभावले समग्र आर्थिक गतिविधि प्रभावित हुन थालेको छ । यस अवस्थामा सदस्यहरुको वित्तीय सुरक्षाको थप प्रत्याभूति गराउनु आजको आवश्यकता हो । यसका लागि पूर्ण चनाखो भई कार्य गर्न संस्थाको व्यवस्थापन लागि परेको छ । सदस्यहरुको समयमा नै दायित्वको भुक्तानी सक्षमता, आयभन्दा न्यून खर्च गर्ने वानीको विकास, तरलताको उचित सन्तुलन र दीर्घकालीन दायित्व धान्न विभिन्न कोषहरुको निर्माण, सुरक्षित ऋण प्रवाह र उपयुक्त बीमा व्यवस्थापनद्वारा साकोसको वित्तीय सक्षमता कायम राख्न हामीले अझ थप प्रयत्नहरु गर्नुपर्ने देखिन्छ । यसको लागि सदस्यहरुको सल्लाह एवं सहयोग, नियामक निकायहरुको निरन्तर निर्देशन र प्राविधिक सहयोगको अपेक्षा गर्दछौं । हामी चाहन्छौं यो सहकारी सदस्यहरुको लागि सुख दुःखको साथी बनोस् ।

पछिल्लो समय राज्यले सहकारी संस्थाहरुलाई तोकेको सन्दर्भ ब्याजदरले पूर्णत सहकारी मापदण्ड अनुरुप चलेको सहकारी संस्थालाई अप्ठ्यारो बनाएको छ । तसर्थ सन्दर्भ ब्याजको रुपमा क्याप लगाउनुभन्दा आधार ब्याजदर तोक्नु बढी सान्दर्भिक हुने हामीले ठानेका छौं । अर्कोतर्फ बचत तथा ऋण कारोवार गर्ने सहकारीका लागि छुट्टै ऐन बनाई यसको नियमनलाई प्रभावकारी बनाउन ढिला भइसकेको छ । तसर्थ यस सभा मार्फत राज्य एवं सम्बन्धित निकायलाई अनुरोध गर्दछु । संघीयता सँगै स्थानीय तहसम्म सहकारी सञ्चालन, दर्ता एवं नियमनको अधिकार प्रत्यायोजन हुनु राम्रो हो तथापि हामीसँग त्यो जिम्मेवारी एवं भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको स्थानीय जनशक्ति एवं पुर्वाधारको अभावले स्थानीयस्तरका सहकारी संस्थाहरु अझ जोखिम उन्मुख भएका छन् । तसर्थ यसतर्फ पनि ध्यान दिन सरोकारवाला निकाय समक्ष अनुरोध गर्दछु ।

सस्थाले आर्थिक बर्ष २०७८/७९मा गरेको उपलब्धीहरुलाई निम्न अनुसार प्रस्तुत गर्दछु :

१. क. कुल सम्पत्ति

संस्थाको यस बर्षको कुल सम्पत्ति रु. ७,१४,८३,०१८.७५/– (अक्षरुपी सात करोड चौध लाख त्रियासी हजार अठारह रुपैया पचहत्तर पैसा मात्र) रहेको छ । गत बर्ष कुल सम्पत्ति रु. ६,४४,६०,८३७.५६/– (अक्षरुपी छ करोड चवालिस लाख साठ्ठी हजार आठ सय सैत्तिस रुपैया छपन्न पैसा मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ७०,२२,१८१.१९/– (अक्षरुपी सत्तरी लाख बाइस हजार एक सय एकासी रुपैया उन्नाईस् पैसा मात्र) ले कुल सम्पत्ति बढेको छ ।

ख. बचत र निक्षेप

संस्थाको यस बर्षको अन्त्यमा रु ४,५८,८६,५०३.९२/– (अक्षरुपी चार करोड अन्ठाउन्न लाख छयासी हजार पाच सय तिन रुपैया बयानब्बे पैसा मात्र) बचत रहेको छ । गत बर्ष बचत रु. ४,२३,२३,३१८.३२/– (अक्षरुपी चार करोड तेइस लाख तेइस हजार तिन सय अठारह रुपैया बत्तिस पैसा मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ३५,६३,१८५.६०/– (अक्षरुपी पैत्तिस लाख त्रिसठ्ठी हजार एक सय पचासी रुपैया साठ्ठी पैसा मात्र) ले बचत बढेको छ ।

ग. शेयर पूँजी

संस्थाको यस बर्षको शेयर पूँजी १,६४,८७२ कित्ताको रु १०० का दरले रु. १,६४,८७,२०० /– (अक्षरुपी एक करोड चौसठ्ठी लाख सतासी हजार दूई सय रुपैया मात्र) रहेको छ । गत बर्ष शेयर पूँजी १,४९,१७३ कित्ताको रु १०० का दरले रु. १,४९,१७,३०० /–(अक्षरुपी एक करोड उनन्चास लाख सत्र हजार तीन सय रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. १५,६९,९०० /– (अक्षरुपी पन्ध्र लाख उनन्सत्तरी हजार नौ सय रुपैया मात्र) ले शेयर पूँजी बढेको छ ।

घ. कर्जा तथा सापट लगानी

संस्थाको यस बर्षको अन्त्यमा रु ५,९५,५२,९५७.००/– (अक्षरुपी पाँच करोड पन्चान्नब्बे लाख बाउन्न हजार नौ सय सन्ताउन्न रुपैया मात्र) कर्जा लगानी रहेको छ । गत बर्ष कर्जा लगानी रु. ५,२४,०७,८०९.००/–(अक्षरुपी पाँच करोड चौबीस लाख सात हजार आठ सय नौ रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ७१,४५,१४८.००/– (अक्षरुपी एकहत्तर लाख पैतालीस हजार एक सय अठ्चालीस रुपैया मात्र) ले कर्जा लगानी बढेको छ ।

ङ.   लगानी हिसाब

संस्थाको यस बर्षको अन्त्यमा लगानी हिसाब रु २७,४००.००/- (अक्षरुपी सत्ताईस हजार चार सय रुपैया मात्र) रहेको छ। गत बर्षको तुलनामा लगानीमा कुनै परिबर्तन आएको छैन।

च.   ब्याज आम्दानी

संस्थाको यस बर्ष नगद प्राप्तीका आधारमा कर्जा लगानी बाट ब्याज आम्दानी रु ९०,२९,६५४.८२ /- (अक्षरुपी नब्बे लाख उनन्तिस हजार छ सय चौउन्न रुपैया बयासी पैसा मात्र) रहेको छ। गत बर्ष कर्जा लगानीबाट ब्याज आम्दानी रु. ७८,२३,३९२.००/- (अक्षरुपी अठ्हत्तर लाख तेइस हजार तिन सय बयानब्बे रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. १२,०६,२६२.८२/- (अक्षरुपी बाह्र लाख छ हजार दूई सय बैसठ्ठी रुपैया बयासी पैसा मात्र) ले ब्याज आम्दानी बढेको छ ।

छ.   ब्याज खर्च

संस्थाको यस बर्ष बचतमा भएको ब्याज खर्च रु. ३८,३५,४४०.५७ /- (अक्षरुपी अठ्तिस लाख पैतीस हजार चार सय चालीस रुपैया सन्ताउन्न पैसा मात्र) रहेको छ । गत बर्ष ब्याज खर्च रु. ३२,००,४८१.२१/- (अक्षरुपी बत्तीस लाख चार सय एकासी रुपैया एक्काइस पैसा मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ६,३४,९५९.३६/- (अक्षरुपी छ लाख चौतीस हजार नौ सय उन्नसाठ्ठी रुपैया छत्तीस पैसा मात्र) ले ब्याज खर्च बढेको छ ।

ज. अन्य संचालन आम्दानी

संस्थाको यस बर्ष अन्य संचालन आम्दानी शिर्षकमा भएको आम्दानी रु. २३,१५,७९७.००/- (अक्षरुपी तेईस लाख पन्ध्र हजार सात सय सन्तानब्बे रुपैया मात्र) रहेको छ। गत बर्ष अन्य संचालन आम्दानी रु. १७,२२,७९७.००/- (अक्षरुपी सत्र लाख बाईस हजार सात सय सन्तानब्बे रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ५,९३,०००.००/-(अक्षरुपी पाँच लाख त्रियानब्बे हजार रुपैया मात्र) ले अन्य संचालन आम्दानी बढेको छ ।

झ.   कर्मचारी खर्च

संस्थाको यस बर्ष कर्मचारी खर्च शिर्षकमा भएको खर्च रु. १३,१६,४६१.०० /-(अक्षरुपी तेह्र लाख सोह्र हजार चार सय एकसठ्ठी रुपैया मात्र) रहेको छ । गत बर्ष कर्मचारी खर्च रु.११,३७,०१४.००/- (अक्षरुपी एघार लाख सैतीस हजार चौध रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. १,७९,४४७.००/-(अक्षरुपी एक लाख उन्नअसी हजार चार सय सच्चालीस रुपैया मात्र) ले कर्मचारी खर्च बढेको छ ।

ञ.   प्रशासनिक खर्च

संस्थाको यस बर्ष प्रशासनिक खर्च शिर्षकमा भएको खर्च रु. १७,३४,३१२.००/-(अक्षरुपी सत्र लाख चौतीस हजार तीन सय बाह्र रुपैया मात्र) रहेको छ । गत बर्ष प्रशासनिक खर्च रु. ११,८०,३७४.००/-(अक्षरुपी एघार लाख असी हजार तीन सय चौहत्तर रुपैया मात्र) रहेको थियो । गत बर्षको तुलनामा यस बर्ष रु. ५,५३,९३८.००/- (अक्षरुपी पाँच लाख त्रिपन्न हजार नौ सय अठ्तिस रुपैया मात्र) ले प्रशासनिक खर्च बढेको छ ।

ट. आय कर ब्यवस्था

यस आर्थिक बर्षमा आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम रु. ४,५६,३६२.११/-(अक्षरुपी चार लाख छपन्न हजार तीन सय बैसठ्ठी रुपैया एघार पैसा मात्र) आयकर ब्यवस्था गरिएको छ ।

२. लेखा परिक्षकको नियूक्ति तथा पारिश्रमिक सम्बन्धमा

हाम्रो सहकारीको मिति २०७८/०९/१० गते सम्पन्न एघारौं बार्षिक साधारण सभाको अख्तियारी बमोजिम आ.व. ०७८।०७९ को लेखा परिक्षण सम्पन्न गर्नको लागी बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट श्री सुमन डंगोलज्यूलाई नियुक्ति गरिएको र निजको पारिश्रमिक रु ५०,०००.००/- (अक्षरुपी पचास हजार रुपैया मात्र) तोकिएको छ । उँहाले लेखा परिक्षण कार्य सम्पन्न गरी मिति २०७९/०८/२२ गते प्रतिवेदन संचालक समिति समक्ष पेश गर्नुभएको व्यहोरा सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई अवगत गराउन चाहन्छौं ।

३. कर्मचारी ब्यवस्था :

हाल संस्थामा ५ जना कर्मचारीहरु कार्यरत छन् ।

४. नाफा नोक्सान हिसाबको बाँडफाँड :

आ.व. ०७८/०७९मा आर्जन गरेको खुद बचत रकम रु. ३६,२७,१९२.५० मध्येबाट संस्थाको विनिमयको दफा ४६ को उपदफा ३ मा व्यवस्था भए बमोजिम बिभिन्न कोषमा बाँडिएको छ । नाफाको बाँडफाँड यस प्रकार रहेको छ।

विवरण	प्रतिशत
शेयर लाभांस कोष	७०%
सामूदायिक विकास कोष	५%
घाटापूर्ति कोष	५%
सहकारी विकास कोष	५%
स्थिरीकरण कोष	५%
सहकारी शिक्षा तथा तालिम कोष	५%
सदस्य स्वास्थ्य जोखिम कोष	५%

५. संस्थामा आवद्ध शेयर सदस्य संख्या सम्वन्धि जानकारी :

हाम्रो सहकारीमा आ.व. ०७८/०७९ को अन्त्य सम्ममा आवद्ध शेयर सदस्य संख्या निम्न बमोजिम रहेको छ।

विवरण	आ.व.०७७/०७८सम्म	आ.व.०७८/०७९ मा थप	आ.व.०७७/०७८ खारेजी	आ.व.०७८/०७९ मा जम्मा	बृद्धि प्रतिशत
शेयर सदस्य	५४०	२७	०	५६७	५

संख्या					

६. **संस्थाद्धारा संचालित बचतका प्रकारहरु :**

आदरणीय शेयरसदस्यहरु, यहाँहरुको जानकारीको लागि यस संस्थाद्धारा संचालित बचतका प्रकारहरु निम्नअनुसार रहेका छन्:

क्र.सं.	**बचत प्रकार**
१	बड बचत
२	बाल बचत
३	नारी बचत
४	बिशेष बचत
५	बिधार्थी बचत
६	३६५ दिने बचत
७	आबधिक बचत
८	ऐच्छिक बचत
९	साधारण बचत
१०	खुत्रुके बचत
११	क्रमिक बचत
१२	कारोबार बचत
१३	अक्षयकोष बचत

७. संस्थाद्धारा संचालित ऋण सापटी सेवाहरु :

क्र.सं.	**कर्जा शिर्षक**	**हाल कायम गरिएको ब्याजदर प्रतिशत**
१	व्यावसायिक कर्जा	१६
२	घर जग्गा धितो कर्जा	१६
३	हायर पर्चेज कर्जा तथा दुई पाङ्ग्रे सवारी कर्जा	१६
४	उपचार कर्जा	दूर्घटना एवम् जटिल शल्यक्रियाको लागि मात्र
५	शैक्षिक कर्जा	
६	कर्मचारी सहुलियत कर्जा	

८. सम्मान कार्यक्रम :

संस्थामा आवद्ध भई उत्कृष्ट असल ऋणी, उत्कृष्ट कारोबारकर्ता, ज्येष्ठ नागरीक, यस वर्ष आधारभुत परिक्षा उर्तिण गरेका सर्बोत्कृष्ट छात्र–छात्रा एवं एस.इ.इ. गरेका विधार्थीहरुलाई सम्मान कार्यक्रम सम्पन्न गरिने छ :

क. उत्कृष्ट ऋणी सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यहरु :

- श्री सुजता श्रेष्ठ –(महिला तर्फ)
- श्री श्याम कुमार श्रेष्ठ –(पूरुष तर्फ)

ख. उत्कृष्ट कारोबारी सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यहरु :

- श्री इन्द्रा श्रेष्ठ –(महिला तर्फ)
- श्री केशव शाही –(पूरुष तर्फ)

ग. एस.इ.इ.सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने शेयर सदस्यका छोराछोरी :

- आयूषा गोतामे -३.९०
- रुदीश श्रेष्ठ -३.८५
- प्रतिक श्रेष्ठ -३.८०
- रोनिशा श्रेष्ठ -३.७०
- विवेक दाहाल -३.७०
- जस्मिन पाण्डे -३.६०
- अस्तिक श्रेष्ठ -३.५०
- नमिता श्रेष्ठ -३.४०
- गौरब श्रेष्ठ -३.३५
- निर्जरा अम्गाई -३.२०
- सुदिप श्रेष्ठ-३.०५
- अनुष श्रेष्ठ-३.००
- ललिता श्रेष्ठ -२.८५
- गीता श्रेष्ठ -२.७०

घ. आधारभुत परिक्षा उर्तिण सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यका छोरा/छोरी

- श्रेया लामिछाने –३.५३
- सिर्जन श्रेष्ठ –३.५३

ङ. जेष्ठ नागरिक सम्मान कार्यक्रम अर्न्तगत ७० बर्ष माथिका सम्पर्ण शेयर सदस्यज्यहरु

## ९.	दिवस मनाउने कार्यक्रम ः

श्रावण ९ गते संस्था स्थापना दिवस मनाउने सन्दर्भमा २०७९श्रावण ९ गते संचालक समिति एवं अन्य समिति-उपसमितिका सदस्यहरु भेला भई केक काटी बाह्रौ जन्मोत्सव मनाइएको सहर्ष जानकारी गराइन्छ र चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउदै आएको छौँ ।

अन्तमा यस संस्थालाई आफ्नो लक्ष्यमा पुर्‍याउन अनबरत रुपले लाग्नु भइ आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुने संस्थाका संचालकज्यूहरु, सर्म्पूण शेयरसदस्यज्यूहरु, विभिन्न उपसमितिमा रहनु भएका मित्रहरु, संस्थाका कर्मचारीहरु र सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सबै सरोकारवालाहरु अझ सुजबुझका साथ संस्थाको सर्वोपरी हितमा आफुलाई सर्मपित गर्दै आफु अघि बढ्नु हुनेछ भन्ने बिस्वास लिएको छु ।

साथै सहकारी अभियानमा संलग्न रहेका सहकर्मी सहकारी संस्थाहरु, छाता संगठनहरु तथा समान उदेश्य बोकेका वित्तीय संस्थाहरुसँगको सुमधुर र सहयोगात्मक सम्बन्धलाई अझै बढी फराकिलो पार्ने यस संस्थाको नीति रहेको छ ।

नियामक निकायहरुबाट प्राप्त नीति, निर्देशन एबं बिद्यमान ऐन कानुनको सम्मानका साथ परिपालन गर्दै सहकारी अभियानलाई निरन्तर गतिशील बनाउन म लगायत सम्पूर्ण संचालक समिति मन, बचन र कर्मले प्रतिबद्ध छौं ।

‘‘हाम्रो आना — सुकी हाम्रै ज्यान, जय सहकारी अभियान”
“जय बड अभियान”

धन्यवाद ।

थिरलाल भट्ट
अध्यक्ष

२०७९ साल पौष ०२ गते शनिबार

आर्थिक वर्ष २०७९/०८०को वार्षिक कार्यक्रमहरु

१. नियमित कार्यक्रम :

१.	साधारण सभा
२.	संचालक समिति बैठक
३.	लेखा समिति बैठक
४.	उप समितिहरुको बैठक (ऋण उपसमिति -१८ महिला उपसमिति-४, शिक्षा उपसमिति-४)
५.	विस्तारित बैठक
६.	आन्तरिक लेखा परिक्षण
७.	बाह्य लेखा परिक्षण
८.	सदस्य भेटघाट तथा अन्तर्क्रिया
९.	सहकारी दिबस मनाउने
१०	जन्मोत्सव मनाउने
११.	क्यालेण्डर प्रकाशन

२. संचालक क्षमता अभिबृद्धि कार्यक्रम :

क्र.स.	**क्रियाकलापहरु**
१.	संचालक क्षमता अभिबृद्धि तालिम
२.	सहभागितामुलक तालिम ,गोष्ठी , सेमिनार
३.	अध्ययन अबलोकन भम्रण
४.	राष्ट्रिय स्तरका गोष्ठी तथा सेमिनारमा सहभागिता
५.	एनएफआरएस अभिमुखीकरण कार्यक्रम
६.	अर्न्तरास्ट्रिय स्तरका गोष्ठी तथा सेमिनारमा सहभागिता (भर्चुअल)

३.संस्थागत कार्यक्रम :

क्र.स.	**क्रियाकलापहरु**
१.	इन्टरनेट बैंकिङ्ग /मोबाईल बैंकिङ्ग
२.	क्युआर कोड सर्भिस
३.	वेबसाइट अपडेट
४.	युट्युव च्यानल
५.	लोन डकुमेन्ट डिजिटलाइजेसन
६.	software अध्यावधिक

४. **सामाजिक क्रियाकलापहरु :**

क्र.स.	**क्रियाकलाप**
१	एस.इ.इ. सम्मान कार्यक्रम
२	आधारभुत कक्षा उत्तिर्ण सम्मान कार्यक्रम (प्रज्जवल स्मृति अक्षयकोष द्धारा)
३	उत्कृष्ट कारोवारी सम्मान कार्यक्रम
४	जेष्ठ सदस्य सम्मान कार्यक्रम
५	उत्कृष्ट ऋणी सम्मान कार्यक्रम
६	स्वास्थ्य /रक्तदान सिविर सञ्चालन कार्यक्रम
७	सदस्य सुरक्षणकोष कार्यक्रम

५. आकस्मिक क्रियाकलापहरु :

क्र.स.	**क्रियाकलापहरु**	**वार्षिक लक्ष्य**	**कैफियत**
१.	उपचार कर्जा प्रदान	आवश्यकता बमोजिम	दूर्घटना एवम् जटिल शल्यक्रियाको लागि मात्र संचालन समितिको निर्णयअनुसार कर्जा प्रवाह गर्ने।
२.	द्धैविक प्रकोप सहयोग	आवश्यकता बमोजिम	प्राकृतिक एवम् द्धैविक प्रकोपको बेला संचालन समितिको निर्णयअनुसार आर्थिक सहयोग प्रदान गर्ने।

## ६.	कर्मचारी क्षमता बिकास कार्यक्रम ः

क्र.स.	क्रियाकलाप
१	संस्थागत बिकस क्षमता अभिबृद्धि कार्यक्रम
२	ऋण ब्याबस्थापन तालिम
३	बजार प्रतिनिधिको क्षमता अभिबृद्धि
४	जिल्ला/प्रदेश/राष्ट्रिय तथा अन्तरास्ट्रिय गोष्ठीहरु
५	अध्ययन भ्रमण

## ७.	व्यावसायिक क्रियाकलापहरु ः

क्र.स.	क्रियाकलापहरु
१.	सदस्यता वृद्धि
२.	शेयर पूँजी वृद्धि
३.	बचतमा वृद्धि
४.	ऋण लगानि
५.	व्याज आम्दानी
६.	वाहय ऋण
७.	रेमिट्न्यास सेवा
८.	खुत्रुके बचत प्रोत्साहन

आ.व. २०७९/०८०को लागी प्रस्तावित बजेट

पुँजी तथा दायित्व तर्फको समिक्षा

	यस आ.ब.को यथार्थ (रु)	आ.ब. २०७९/८०को लक्ष्य (रु)
शेयर पुँजी	१,६४,८७,२००.००	१,८०,५७,१००.००
कोष हिसाब	७०,६५,६८९.१०	८२,७६,३२३.६०
बचत र निक्षेप	४,५८,८६,५०३.९२	४,९४,४९,६८९.५२
बाह्रय ऋण तथा सापटी	-	-
पूंजीगत अनुदान	-	-
चालु दायित्व तथा व्यवस्था	१५,८७,२६३.६२	११,६०,१२१.६४
कर दायित्व	४,५६,३६२.११	६,०७,६८१.२२
दीर्घकालिन दायित्व	-	-
स्थगन कर दायित्व	-	-
जम्मा	**७,१४,८३,०१८.७५**	**७,७५,५०,९१५.९८**

आम्दानी तर्फ

विवरण	आ.ब. २०७८/७९को लक्ष्य(रु)	यस आ.ब.को यथार्थ (रु)	आ.ब. २०७९/८०को लक्ष्य(रु)
कर्जा व्याज आम्दानी	८०,००,०००.००	९०,२९,६५४.८२	१,००,००,०००.००
सहकारी विकास शुल्क	१०,०००.००	१६,८००.००	२१,०००.००
जरीवाना / हर्जाना	०	७,०९,८८६.००	०
कर्जा आवेदन	२५,०००.००	२०,७००.००	२५,०००.००
बैक व्याज आम्दानी	१,५५,१४१.८२	२,५७,००६.९४	४५०,०००.००
विविध आम्दानी	२०,०००.००	३५,३६४.००	२५,०००.००
कर्जा सेवा शुल्क	१५,००,०००.००	१३,७९,५१६.००	१५,००,०००.००
सदस्यता शुल्क	१५०,०००.००	१५०,३७०.००	१,५०,०००.००
लाभांस	१,४२५.००	३,१६१.००	२,७४०.००

खर्च तर्फ

विवरण	आ.ब.२०७८/७९को लक्ष्य(रु)	यस आ.ब.को यथार्थ (रु)	आ.ब.२०७८/७९को लक्ष्य(रु)
तलव खर्च	१३,५०,०००.००	१३,१६,४६१.००	१४,००,०००.००
घरभाडा खर्च	२,४६,७००.००	२,७३,४२०.००	२,८७,०००.००
छपाई तथा मसलन्द खर्च	५०,०००.००	४९,३७६.००	५०,०००.००
बत्ति तथा पानी खर्च	३०,०००.००	१८,४२५.००	२५,०००.००
परिबहन तथा यातायात खर्च	१०,०००.००	३,३९४.००	१०,०००.००
टेलिफोन खर्च	३५,०००.००	२४,४००.००	३०,०००.००
अन्य कार्यालय खर्च	१,००,०००.००	१,२४,३७३.००	१,४०,०००.००
लेखा परिक्षण शुल्क खर्च	५०,०००	५५,७५०.००	५०,०००.००
पत्र पत्रिका खर्च	३,४००.००	१,२००.००	३,४००.००
खराब ऋण	०	०	०
खराब ऋण को व्यवस्था खर्च	०	६,२८,३२०.४१	७,००,०००.००
साधरण सभा खर्च	५,००,०००.००	५,६८,०९७.००	७,५०,०००.००
पोसाक खर्च	४०,०००.००	४८,४५५.००	१,००,०००.००
क्यलेन्डर छपाई खर्च	५०,०००.००	२०,०७०.००	१,००,०००.००
सफ्टवेर खर्च	२१,६००.००	२०,०७०.००	२०,१००.००
तिज खर्च	०	०	२,००,०००.००
बैक शुल्क	१,५००.००	५६०	१,०००.००
बैठक भत्ता	२,५०,०००.००	२,१९,५००.००	२,५०,०००.००
खाजा खर्च	१,००,०००.००	९६,२३३.००	१,००,०००.००
सामाजिक सुरक्षा कोष खर्च	२,०५,०००.००	१,२८,००२.००	१,५०,०००.००
मर्मत तथा संभार खर्च	२०,०००.००	२९,८६५.००	३०,०००.००
नविकरण तथा कर खर्च	५,०००.००	४,०००.००	५,०००.००
वेभसाइट खर्च	१०,०००.००	०	१५,०००.००

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सोह्रखुट्टे, काठमाडौंको
बाह्रौ बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट
प्रस्तुत गरिएको
आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन

यस बड बचत तथा ऋण सहकारी संस्था लि. को बाह्रौ बार्षिक साधारणसभाका सभाध्यक्ष एवम् अध्यक्षज्यू, संचालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका संयोजक एवम् सदस्यज्यूहरु, लेखा समितिका सहकर्मी साथिहरु, यस गरिमामय सभामा उपस्थित संस्थाका शेयरधनी महानुभावहरु, संस्थाको दैनिक कार्यसम्पादनमा महत्वपूर्ण भुमीकामा रहनुहुने संस्थामा आवद्ध व्यवस्थापक एवम् अन्य कर्मचारीमित्रहरु, अन्य उपस्थित महानुभावहरुमा लेखा तथा सुपरिवेक्षण समिति तथा मेरा व्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु साथै यस गरिमामय सभामा लेखा तथा सपरिवेक्षण समितिका तर्फबाट आ.व. ०७८/०७९ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफुलाई भाग्यमानी ठानेको छु ।

आदरणिय यस साधारण सभामा उपस्थित महानुभावहरु, विगत केहि समय देखि राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा देखिएको आर्थिक असहजताका बाबजुद हाम्रो यस संस्थाले आफ्नो वित्तिय अवस्थामा केहि असर पर्न नदिनु अत्यन्त सकारात्मक पक्ष हो । संस्थालाई यस अवस्थामा संचालनमा राख्न संस्थाले सहकारी ऐन, नियमावली, विनियमका अक्षरस पालना गर्नु र संचालक समिति तथा अन्य उपसमितिहरु लगायत कर्मचारीहरुको अथक मेहनत तथा सुझबुझको साथै संस्थाका शेयर सदस्यहरुको अपार विश्वास र साथ सहयोग नै हो । यस साथ र सहयोगको लागि लेखा समिति संस्थासँग सम्वन्धित सम्पूर्ण पक्षप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा सम्वन्धित सम्पूर्ण पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दछ ।

सहकारीका नितिहरुका अक्षरस पालना गर्दै संस्था आज बाह्रौं बर्षमा सफलता पूर्वक प्रवेश गर्दा अत्यन्त खुशी लागेको छ । समितिहरुद्धारा पेश भएका लेखा सम्वन्धि प्रतिवेदन एवम् संस्थाको आर्थिक स्थिति अध्ययन गर्दा संस्थामा चालु रुपमा रहेका खाताहरु एवम् बिल भर्पाई र रसिदहरु चुस्तदुरुस्त पाइयो । संस्थामा हाल सम्म कुनै बेरुजु नभएको, संस्थाको आर्थिक क्रियाकलाप सन्तोषजनक रुपमा अगाडी बढी रहेको, संस्थामा बचत संकलन र ऋण लगानी सन्तुलनमा रहेको तरलताको अवस्था राम्रो रहेको कुरा सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

आदरणीयशेयर सदस्य मित्रहरु,

(१) यस वड बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व. ०७८।०७९मा भए गरेका कार्य विवरण निम्नानुसार प्रस्तुत गर्दछु :

क. यस संस्थाले सहकारी ऐन, नियमले तोकेको ढाँचा अनुसार हिसाब किताबहरु विद्युतीय प्रणालीमा व्यवस्थित गरिएको देखिन्छ।

ख. कुनै पनि हिसाबहरु हिसाब मिलान नभई बक्यौताको रुपमा रहेका छैनन् ।

ग. सहकारी संस्थाले सुरक्षणका रुपमा आफ्नो सम्पत्ति धितो राखी कुनै कर्जा लिएको छैन।

घ. तोकिएको समयमा ब्याज नबुझाउने सदस्यलाई जरिवाना असुल गर्ने गरेको पाइयो ।

ङ. सहकारीले धन जमानी तथा आवश्यकता अनुसार धितोको आधारमा कर्जा लगानी गर्ने गरेको पाइयो ।

च यस संस्थाले यस वर्ष कुनै पनि कर्जा अपलेखन गरेको देखिदैन।

छ. यस आ.व मा अर्थतन्त्रमा देखिएको चरम अभावको बाबजुद पनि यस सस्थाले कुनै बाधा अड्चन बिना सदस्यहरु माझ नियमित आर्थिक क्रियाकलापहरु संचालनमा ल्याइएको पाइयो ।

२. अवस्था :

यस संस्थाको आ.व. २०७८/७९मा औपचारिक रुपमा संचालक समितिको २१ वटा वैठक, लेखा समितिको ५ वटा बैठक, ऋण उप–समितिको २१ वटा वैठक, शिक्षा उपसमिति १ पटक, महिला उपसमितिको ३ पटक वैठक सम्पन्न भएको देखिन्छ । संचालक समितिको विभिन्न मितिमा बसेका वैठकको निर्णयहरु कार्यान्वयन भएको देखिन्छ। उक्त बैठकहरुको निर्णयहरुलाई अध्ययन गर्दा कुनै पनि निर्णय संस्थाको अहितमा रहेको देखिदैन । लेखा समितिले यस अघि दिएका प्रतिवेदनहरुको सुझावको कार्यान्वयन अवस्था पनि सन्तोषजनक नै रहेको देखिन्छ।

३.आर्थिक अवस्था :

पुँजी तथा दायित्व

	यस आ.ब.को	**गत आ.ब.को**
शेयर पुँजी	१६,४८७,२००.००	१४,९१७,३००.००
कोष हिसाब	७,०६५,६८९.१०	५,८५५,०५४.६०
बचत र निक्षेप	४५,८८६,५०३.९२	४२,३२३,३१८.३२
चालु दायित्व तथा ब्यवस्था	१,५८७,२६३.६२	१,१६०,१२१.६४
कर दायित्व	४५६,३६२.११	२०५,०४३.००
जम्मा	**७१,४८३,०१८.७५**	**६४,४६०,८३७.५६**

सम्पति तथा जायजेथा

	यस आ.ब.को	गत आ.ब.को
नगद मौज्दात	२,०१३,२७३.३१	२१०,३५८.३१
बैक मौज्दात	९,३०७,८३६.४४	११,२५७,१४८.८७
लगानी हिसाब	२७,४००.००	२७,४००.००
कर्जा तथा सापट लगानी	५९,५५२,९५७.००	५२,४०७,८०९.००
चालु सम्पत्ति	२०१,३९७.६२	१४३,८१२.५०
स्थिर सम्पत्ति	३८०,१५४.३८	४१४,३०८.८८
जम्मा	**७१,४८३,०१८.७५**	**६४,४६०,८३७.५६**

४. लेखा समितिको सुझावहरु :

- बचत संकलन वृद्धि गर्न नियमक प्रतिस्पर्धी ब्याज प्रदान गर्नुपर्ने ।
- कर्जाको किस्ता तथा व्याज नियमित रुपमा संकलन गर्न प्रयास गर्नुपर्ने ।
- सेवाकेन्द्र वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने ।
- विभिन्न किसिमका तालिमहरुको आयोजन गर्ने तथा गराउने ।
- सहकारी संस्थाहरु प्रति चलेका विभिन्न नकारात्मक हल्ला, आर्थिक मन्दि र व्याजदर बारे समिक्षा गर्दै समय अनुकल निक्षेप तथा ऋण नितिमा परिवर्तन गर्नुपर्ने ।
- शेयर सदस्यहरुलाई आर्थीक कारोबार गर्न यस संस्था तर्फ प्रेरित गर्नुपर्ने ।
- प्रविधिको उच्चतम प्रयोग तर्फ ध्यान दिनुपर्ने ।

अन्त्यमा आफ्नो अमुल्य समय खर्चेर यस साधारण सभामा उपस्थित हुनुभएका संचालक समिति तथा अन्य उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु लगायत शेयर सदस्यज्यू हरुलाई विशेष धन्यवाद दिदैं संस्थाप्रति सदैव सकारात्मक सोच राखी एक अनुकरणीय सहकारी संस्थाको रुपमा स्थापित गर्न यहाँहरुको सल्लाह र सुझावको अपेक्षा गर्दछु । हाल सम्म प्राप्त सहयोगको लागि सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै लेखा समितिको प्रतिवेदन यहि अन्त्य गर्ने अनुमती चाहन्छु ।

जय सहकारी, जय बड साकोस !

धन्यवाद !

टंक बहादुर श्रेष्ठ

संयोजक, लेखा समिति